नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
गुलरिया, बर्दिया

०८४-४२०१३३ प्र.जि.अ.
०८४-४२००९५ स.प्र.जि.अ./प्र.अ.
०८४-४२०१३२ प्र.अ.
०८४-४२०२७६ प्रशासन
०८४-४२०२४५ फ्याक्स
०८४-४२०९९९ DEOC
website:daobardiya.moha.gov.np
email:daobardiya@moha.gov.np
d_bardiya@yahoo.com
bardiyadeoc@gmail.com

प.सं.०७५।०७६
च.नं.

मितिः २०७५।०५।२८

(कृतिम घटना अभ्यास)

मिति २०७५।०५।२८ गते बसेको जिल्ला विपद व्यवस्थापन समितिको निर्णय तपशिल बमोजि उतार गरि आवश्यक जानकारी एवम् कार्यवाहीका लागि तहाँ पठाईएको व्यहोरा अनुरोध छ ।

**निर्णयहरुः**

**निर्णय नं.१ः**

मिति २०७५।०५।२८ गते जल तथा मौसम विभागको वुलेटिन अनुसार मनसुन सकृय भई पुर्व देखी पश्चिम क्षेत्रमा समेत भारी वर्षा भईरहेकोले ववई नदिमा खतराको तह पार गरेकोले नदिको तल्लो तटिय क्षेत्र नजिक रहेका सवै समुदायलाई उच्च सर्तकता रहन अनुरोध गर्दै अर्को सुचना जारी नहुदासम्म सुरक्षित क्षेत्रमा जान अनुरोध गर्ने ।

निर्णय नं.२ः

वाढीका कारण ववई नदि आसपासका क्षेत्रमा उच्च सर्तकता अपनाउदै ठाकुरवावा नगरपालिका, वारवर्दिया नगरपालिका, गुलरिया नगरपालिकाले तत्कालै स्थानिय विपद् व्यवस्थापन समितिको बैठक गरि खोज तथा उद्धार, राहत कार्यमा सम्लग्न हुने जनशक्ति पहिचान गरि परिचालन गर्ने र सुरक्षाकर्मी, रेडक्रस तथा अन्य सरोकारवाला सग आवश्यक समन्वय तथा सहयोग लिने ।

निर्णय नं.३ः

सवै सुरक्षा निकायलाई सम्भावित जोखीम न्युनिकरण तथा खोज तथा उद्धारकार्यमा लाग्न निर्देशन दिने ।

निर्णय नं.४ः

सवै विषयगत क्षेत्रका कार्यालयहरुले जिल्ला विपद् प्रतिकार्य तथा योजना २०७५ अनुसार आ आफ्नो रणनितिक योजना अनुसार तयारी अवस्थामा रहेन ।

निर्णय नं.५

जल तथा मौसम विज्ञान विभाग वाढी पुर्वानुमान शाखा अर्न्तगत कर्णाली वेसीन कार्यालयसग प्रभावकारी समन्वय गरि निरन्तर सुचना लिई सवैलाई पुर्वसुचाना जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्रमार्फत उपलब्ध गराउने ।

निर्णय नं.६

सम्भावित वाढीका कारण जोखीममा रहेका मानीसहरुलाई उद्धार गर्न रवर वोट, लाइफ ज्याकेट, डोरी लगाएतका सामाग्री उद्धार कार्यमा सम्लग्न हुने जनशक्तिलाई उपलब्ध गराउने तथा गृह मन्त्रालयसग हेलिकप्टर तयारी अवस्थामा राख्न अनुरोध गर्ने

निर्णय नं ७

यस जिल्लाको पुर्वानुमानमा आधारित वाढी पुर्वतयारीको लागि कार्यसञ्चालन विधीमा उल्लेख गरिएवमोजिमको तयारी गर्न सवै क्षेत्रगत अगुवाहरुलाई अनुरोध गर्ने

निर्णय नं ८

स्थानिय सवै एफएम रेडियो तथा स्थानिय पत्रपत्रिका, पत्रकारमार्फत वाढी पुर्वसुचनाको जानकारी गराउने ।